# अनुगमन निरीक्षण प्रतिवेदन

अनुगमन गरिएको संस्था:- मिनाक्षी एग्रिगेट इन्डस्ट्रिज

छपकैया, बीरगंज-२, पर्सा

उद्योग स्थल:- कलैया उ.म.न.पा.-२४, मनहर्वा,बारा

प्रतिवेदन पेश गरिएको निकाय:-

नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति, बारा,

कलैया

जिल्ला समन्वय समिति,
कलैया, बारा प्रदेश नं. २
दर्ता २५४ मिति २०८२/१/२९

प्रतिवेदकहरु:-

१) जिल्ला समन्वय अधिकारी, श्री राजु प्रसाद साह (संयोजक)

२) उद्योग अधिकृत श्री अरविन्द यादव (सदस्य)

३) वातावरण निरिक्षक श्री प्रदिप कुमार साह (सदस्य)

CamScanner

**पृष्ठभूमिः** मिति २०६४/०५/२७ गते तत्कालिन कानुनी व्यवस्था अनुसार सम्पूर्ण प्रकृया पुरा गरी विधिवत रुपमा श्री मिनाक्षी एग्रिगेट ईण्डस्ट्रिज नामको उद्योग बीरगंज-२,पर्सा बस्ने श्री वृजकिशोर प्रसाद कलवारको प्रोपराइटरशिपमा स्थापना भई जिल्ला बारा,साविक मनहर्वा-५,हाल कलैया-२४ मनहर्वा (श्रीपुरमा) संचालनमा रहेको प्रस्तुत कागजात प्रमाणहरुबाट देखिन्छ । संचालित उद्योगले गर्दा विभिन्न समस्याहरु ( प्रदुषण,मापदण्ड उल्लंघन, बालीनाली नोक्सानी आदि) देखाई कलैया-२४, मनहर्वा (श्रीपुर) बस्ने मीना कुमारी चौधरी समेत-२४ जनाले बस्तुस्थिति बुझिदिन श्री जि.स.स.बारामा मिति २०८१/०९/१२ मा संयूक्त निवेदन पेश गर्नु भएको साथै मिति २०८१/१२/२८ मा उल्लेखित उद्योगले समेत उद्योग संचालित स्थानमा विगतको समयमा पर्न गएको वातावरणीय तथा मानव स्वास्थ्य सम्बन्धी असरहरु न्यूनीकरण गर्न उद्योगको तर्फबाट गरिएका प्रयासहरु निरिक्षण गरी उद्योग संचालनमा सहयोग गरिदिने व्यहोराको पत्र प्राप्त हुँदा नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति बारा, कलैयाको मिति २०८१/१२/२९ को बैठकबाट जि.स.अ.श्री राजु प्रसाद साहको संयोजकत्वमा अनुगमन गरी प्रतिवेदन पेश गर्न उपसमिति गठन गरेकोमा उपसमितिद्वारा अनुगमन निरिक्षण गरी बस्तु स्थिति बुझ्दा तथा मौजुदा कानुनी व्यवस्था अध्ययन गर्दा निम्नानुसार देखियो ।

१) तत्कालीन औद्योगिक व्यवसाय ऐन,२०४९ अनुसार दर्ता भई सानो टुक्रा गिट्टी, रोडा उत्पादन गर्ने ( रोडा,गिट्टी उत्पादक) श्री मिनाक्षी एग्रिगेट ईण्डस्ट्रिज २०६४/०५/२७ गते घरेलु तथा साना उद्योग कार्यालय,बारा कलैयाबाट दर्ता भएको हो ।उद्योगले दर्ताको उद्देश्य अनुसार हालसम्म उत्पादन समेत गर्दै आएको छ ।

२) उद्योग स्थापना हुँदाको बखत कुनै मापदण्ड नबनेकोले प्रत्यक्ष संधीयारहरुको रोहबरमा उद्योग दर्ता गर्ने निकायले स्थलगत मुचुल्का गरी उद्योग दर्ता गर्ने गरेको साथै तत्कालिन औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार ढुङ्गा, गिट्टी सम्बन्धी उद्योग संचालनको लागि अनुमति लिनुपर्ने समेत आवश्यकता नरहेको देखिन्छ ।उद्योग व्यवसाय ऐन २०७६ लागु भए पश्चात सम्बन्धित उद्योगले बालुवा धुने प्लान्ट संचालन गर्न उद्देश्य थपको लागि उद्योग विभागमा निवेदन पेश गर्दा मापदण्ड पालना नगरेको कारण देखाई उद्देश्य थप नहुँदा २०७९/०३/२९ गते सम्बन्धित उद्योगको प्रोपराईटर श्री वृजकिशोर प्रसाद कलवारको वारेस सुस्मिता कोईरालाले श्री सर्वोच्च अदालतमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग,सडक डिभिजन कार्यालय हेटौडा, घरेलु तथा साना उद्योग कार्यालय बारा , कलैया उपमहानगरपालिका समेतलाई विपक्षी बनाई नेपालको संविधानको धारा ४६ तथा १३३ को (२) (३) बमोजिम उत्प्रेषण परमादेश लगायत आवश्यक आज्ञा आदेश जारी गरी पाउँ व्यहोराको रिट निवेदन दर्ता गरेको प्रस्तुत कागजातबाट देखिन्छ ।

३) औद्योगिक व्यवसाय ऐन, २०७६ तथा ढुङ्गा,गिट्टी,बालुवा उत्खनन् , बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ प्रभावमा आए पश्चात माथि उल्लेखित उद्योगले बालुवा वाश प्लान्ट संचालनको लागि औद्योगिक व्यवसाय ऐन,२०७६ को दफा ८ को उपदफा (१) तथा दफा १२ को उपदफा १ अनुसार प्रकृया अगाडि बढाउँदा हुलाकी

जिल्ला समन्वय समिति कार्यालय बारा कलैया, मधेश प्रदेश, नेपाल

राजमार्ग निर्देशनालय बिरगंजले उद्योग संचालित रहेको स्थान मानमत-कलैया-मटिअर्वा राजमार्गसिंगै अवस्थित रहेको र नेपाल सरकार मन्त्रीपरिषदको २०७६/०२/०६ को निर्णयानुसार उक्त राजमार्ग राष्ट्रिय राजमार्गमा समावेश गरिएको र कोड (NH35) रहेको व्यहोराको पत्र जारी गरेको देखिन्छ ।यसरी दुरी सम्बन्धी मापदण्ड पुरा नगरेकोले उद्योग विभागले समेत उल्लेखित उद्योगको उद्देश्य थप नगरिदिएको हो **(श्री सर्वोच्च अदालतमा सम्वत २०७८ सालको रिट नं.wo-१६०३ नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको तर्फबाट ऐ.को सचिव सुरेश आचार्यले पेश गर्नु भएको लिखित जवाफ बमोजिम स्वीकृत मापदण्ड व्यवस्था अनुसार उद्योग विभागले निवेदकलाई उद्देश्य थप नगर्ने भनी गरेको निर्णय कानूनसम्मत नै रहेको देखिन्छ भनी जिकिर गरिएको छ)**। सोही पत्रको आधारमा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको तर्फबाट सचिव श्री सुरेश आचार्यले श्री सर्वोच्च अदालतमा पेश गर्नु भएको लिखित जवाफमा समेत मापदण्डको दफा ११ को उपदफा १ को क्र.सं.१ अनुसार राजमार्गको राईट अफ वे बाट ५०० मि. को मापदण्ड पुरा नगरेको व्यहोरा उल्लेख छ ।स्थलगत अनुगमन गर्दा समेत मापदण्डको दफा ११ को उपदफा १ को क्र.सं. १ र ७ को व्यवस्था अनुसार उद्योग संचालनमा नरहेको पाइयो । श्रीमान् सचिव सुरेश आचार्यले समेत मापदण्डको दफा ११ को उपदफा ९ को व्यवस्था अनुसार नियमन गर्न लिखित जवाफ पेश गर्नु भएको देखिन्छ ।**तसर्थ साविकमा स्थापना भई संचालनमा रहेको उद्योगले हाल बालुवा वाश प्लान्ट बिना इजाजत संचालनमा राखेको देखिन्छ ।**

४) स्थलगत अनुगमनबाट देखिएका व्यहोराहरुः-

(क) संचालित उद्योगमा २१ जना नेपाली नागरिकहरु तथा १ एक जना भारतीय नागरिक गरी २२ बाइस जना कामदार कार्यरत रहेको उद्योगले साविकमा खुला रहेको उद्योगको उतरी र पूर्वी सिमानालाई कर्कट पताले छेकवार लगाएर सुरक्षित गरेको पाइयो । साथै दुई ठाउँमा रहेको कारखानाको मेशिनहरुलाई समेत कर्कट पताले घर बनाई व्यवस्थित गरेको देखियो ।धुलो नियन्त्रणको लागि धुलो सक्सन मेशिन समेत जडान गरेको देखियो । साथै उद्योगले आ.व. २०८०/८१ मा नेपाल सरकारलाई जम्माजमी रु ८३८४ अक्षरुपी आठ हजार तीन सय चौरासी मात्र आयकर तिरेको करचुक्ता कागजातबाट देखियो ।

(ख) उद्योग स्थापना हुनुभन्दा पहिले देखि प्रत्यक्ष संधियार श्री भन्टु रामको घर रहेको तर उद्योग स्थापनाको लागि मुचुल्का तयार गर्दा निजलाई सोधपुछ नगरिएको निज भन्टु रामको भनाई रहेको छ । निजको घरमा उद्योगको कम्पनबाट परेको प्रत्यक्ष प्रभावहरु देखिन्छ र उद्योगको तर्फबाट कुनै किसमको क्षतिपूर्ति समेत नभएको अवस्था बुझियो ।

जिल्ला समन्वय समितिको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल

CamScanner

(ग) उद्योगको उत्पादन संधियार मैनवा कुमारी (श्रीमान-लोरिक राम) को जग्गामा समेत भण्डारण भई गएको र निजहरुले कुनै क्षतिपूर्ती नपाएको गुनासो प्राप्त भएको ।

(घ) ध्वनी प्रदुषण तथा वायु प्रदुषणको अवस्था र असर नापजाँच गर्ने जिम्मेवारी वातावरण निरिक्षकको हुने भएकोले यस सम्बन्धमा निजले छुटै रिपोर्ट पेश गर्नु हुने ।

(ङ) **सम्बन्धित उद्योगमा सानो बोल्डर, ढुङ्गा फुटाउने मेशिन सञ्चालनमा रहेको तथा ठुलो बोल्डर फुटाउँने मेशिन बिगत १ वर्ष देखि संचालनमा नरहेकोमा सो मेसिन र गिट्टीलाई धुलो बनाउँने मेशिन प्राविधिक कारणले संचालन गरी निरीक्षण गर्न नसकेको हुँदा सबैभन्दा बढी धुलो उत्पादन गर्ने र कम्पन्न गराउँने (गाउँलेको भनाई अनुसार) त्यही मेशिनको बारेमा यथार्थ बुझ्न नसकिएको हो ।**

**निष्कर्ष:**

बिगतका बखतमा प्रभावमा रहेको ऐन/नियम अनुसार संचालनमा रहेको उद्योग औद्योगिक व्यवसाय ऐन २०७६, नियमावली २०७८ र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् , बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ लागु भएपश्चात यिनमा भएको व्यवस्था अनुसार नै संचालन हुनुपर्ने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको तर्फबाट सचिव डा. तोय नारायण ज्ञवाली तथा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको तर्फबाट सचिव श्री सुरेश आचार्य समेतले श्री सर्वोच्च अदालतमा पेश गर्नु भएको आ-आफ्नो लिखित जवाफमा प्रष्ट रुपमा उल्लेख गर्नु भएको देखिन्छ। ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् , बिक्री तथा व्यवस्थापन सम्बन्धी (दोस्रो संशोधन) मापदण्ड २०७९ मा उल्लेखित प्रावधानहरु पुरा नगर्ने उद्योगको सन्दर्भमा सोही मापदण्डको दफा ११ को उपदफा ९ आकर्षित हुने भएको र सोही अनुसार श्री मिनाक्षी एग्रीगेट ईण्डष्ट्रिजले मापदण्डको दफा ११ को उपदफा (१) को क्र.सं. १, ३ र ७ को दुरी सम्बन्धी मापदण्ड पुरा नगरी संचालनमा रहेकोले उक्त क्रशर उद्योगलाई सम्बन्धित नगरपालिकाले संवत् २०८० साल असार मसान्तसम्म वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्ने र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा सम्बन्धित नगरपालिकाले दर्ता खारेजीको लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने । साथै बिना इजाजत बालुवा वाश प्लान्ट तथा ढुङ्गा गिट्टीलाई धुलो बनाउने मेशिन सञ्चालन गरेको देखिएकोले नेपाल सरकार गृह मन्त्रालयको च नं ३९२ मिति २०७९।०९।२० गतेको अवैधानिक क्रशर उद्योग बन्द गर्ने सम्बन्धी परिपत्रको बुँदा नं १ अनुसार त्यसरी सञ्चालन अनुमति नलिई सञ्चालनमा रहेका उक्त उद्योगलाई तत्काल बन्द गर्ने गरी नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति, बारा समक्ष यो प्रतिवेदन पेश गरेका छौं ।

**प्रतिवेदकहरु:**

१) जिल्ला समन्वय अधिकारी, श्री राजु प्रसाद साह
२) उद्योग अधिकृत, श्री अरविन्द यादव
३) वातावरण निरिक्षक, श्री प्रदिप कुमार साह

जिल्ला समन्वय समितिको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल

CamScanner

**संलग्न कागजातहरु:**

१) प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको तर्फबाट ऐ. सचिव श्री सुरेश आचार्यले श्री सर्वोच्च अदालतमा पेश गर्नु भएको लिखित जवाफ पाना थान-३ (तीन)

२) रिट नं.०७८-wo-१६०३ खारेज गर्ने नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको तर्फबाट ऐ.मन्त्रालयको सचिव डा.तोयनारायण ज्ञवालीले श्री सर्वोच्च अदालतमा पेश गर्नु भएको लिखित जवाफ पाना थान-४ (चार)

३) नेपाल सरकार, गृह मन्त्रालय (स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा) को च. नं. ३९२, मिति २०७९।०९।२० गतेको अवैधानिक क्शर उद्योग बन्द गर्ने सम्बन्धी परिपत्र ।

४) नेपाल राजपत्र खण्ड ६२, संख्या ३० मिति २०६९ कार्तिक १३ गते प्रकाशित सिमेण्ट र क्रसर उद्योगबाट निषष्काशन भई हावामा जाने धुलो सम्बन्धी मापदण्ड ।

५) नेपाल राजपत्र खण्ड ६२, संख्या ३० मिति २०६९ कार्तिक १३ गते प्रकाशित ध्वनीको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड ।

जिल्ला समन्वय समितिको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल

CamScanner

# अनुगमनका क्रममा लिइएका केही फोटोहरु:



चित्र १: क्रशर उद्योगसँगै रहेको मानवत- कलैया- मटिअर्वा हाइवे, बस्ती र स्थानीय ग्रामीण धार्मिक स्थल ब्रहम माई स्थान





चित्र २ र ३: क्रशर उद्योगसँगै रहेको ग्रामीण धार्मिक स्थल ब्रहम माई स्थान

जिल्ला समन्वय समितिको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल

CamScanner




चित्र ४: जिल्ला अनुगमन समितिद्वारा मिनाक्षी एग्रिगेट इण्डष्ट्रिज क्रशर उद्योगको स्थलगत अनुगमन निरीक्षण



चित्र ५: मिनाक्षी एग्रीगेट ईण्डष्ट्रिजमा जडान गरिएको बालुवा वाश प्लान्

जिल्ला समन्वय समितिको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल

CamScanner




चित्र ६: क्रशर उद्योगबाट निस्काशन भई हावामा जाने धुलोको मात्रा परीक्षण गर्न निवेदक मिना कु चौधरीको घरमा राखिएको वायु प्रदुषण मापक यन्त्र




चित्र ७: क्रशरबाट उत्पन्न ध्वनि मापनमा प्रयोग गरिएको साउण्ड लेभर मिटर यन्त्र

जिल्ला समन्वय समितिको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल

(6)

श्री सर्वोच्च अदालतमा पेश गरेको

लिखित जवाफ

मार्फत: श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ।

सम्वत् २०७८ सालको रिट नं. ---------------------------------------------------------- WO-1303

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट ऐ. को सचिव सुरेश आचार्य-------------------------------------------------------------------------------लिखित जवाफ प्रस्तुतकर्ता
प्रत्यर्थी

विरुद्ध

बारा जिल्ला, कलैया उपमहानगरपालिका, वडा नं. २४ स्थित मिनाक्षी एग्रिगेट इन्डष्ट्रिजका प्रोपाईटर बृजकिशोर प्रसाद कलवार-------------------------------------------------------------विपक्षी/रिट निवेदक

मुद्दा: उत्प्रेषण समेत।

विपक्षी रिट निवेदकले यस कार्यालयसमेतलाई प्रत्यर्थी बनाई सम्मानित अदालतसमक्ष दिनुभएको रिट निवेदनको सम्बन्धमा सम्मानित अदालतबाट जारी भएको पन्ध्र दिने म्याद यस कार्यालयमा मिति २०७९।०४।१० मा प्राप्त हुन आएकोमा उल्लिखित म्यादभित्रै निम्न बमोजिम लिखित जवाफ पेश गरेको छु:-

१. म निवेदक प्रोपाईटर भई स्थापना गरिएको मिनाक्षी एग्रिगेट इन्डष्ट्रिजले बारा जिल्लाको श्रीपुरमा रही गिटी ढुङ्गा रोडा उत्पादन गर्दै आएको छ। उक्त उद्योगले स्थापनाकालदेखि नै मापदण्डभित्र रही मिति २०७९।०४।२७ सम्मको लागि नवीकरण समेत भएको छ। व्यवसायको प्रकृति र उद्योगको आवश्यकता अनुसार बालुवाको समेत कारोबार गर्नुपर्ने भई बालुवा धुने वासिङ्ग प्लान्ट स्थापनाको लागि उद्देश्य थप गर्न विपक्षी घरेलु तथा साना उद्योग कार्यालय कलैयामा निवेदन गरेको र उक्त कार्यालयबाट उद्योग विभागमा पठाइएकोमा ढुङ्गा गिटी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ११ को उपदफा (१) मा क्रसर उद्योगको मापदण्ड उल्लेख भएको र उक्त मापदण्डमा उल्लिखित दूरी सम्बन्धी मापदण्ड पूरा नहुने गरी सञ्चालनमा रहेका क्रसर उद्योगलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्नेछ भन्ने उल्लेख भएको हुँदा मापदण्डको प्रावधानबमोजिम गर्नू भनी जानकारी प्राप्त हुन आएको कारण मेरो उद्योगको उद्देश्य थप गर्न समस्या भएकोले निवेदन गर्न आएको छु। विपक्षीहरूले पहिले नै मापदण्ड पूरा गरी सञ्चालन गरेको क्रसर उद्योगको समेत दूरी पूरा नभए सरह गरी मापदण्ड देखाई उद्योगको उद्देश्य थप गर्न अस्वीकार गर्ने गरी भएका निर्णय र काम कारबाही कानून विपरीत भएकोले निवेदकलाई नियमानुसार उद्देश्य थप गरी दिनू भनी विपक्षीको नाममा परमादेशको आदेश जारी गरी पाऊँ भन्ने व्यहोराको रिट निवेदन।

२. प्रथमत: विपक्षी निवेदकले दाबी लिनुभएको विषयमा यस कार्यालयको के, कस्तो संलग्नता रहेको छ र यस कार्यालयको के, कस्तो काम, कारबाही वा निर्णयबाट निवेदकको के, कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन भएको हो भन्ने सम्बन्धमा निवेदनमा कुनै कुरा उल्लेख भएको छैन। कसैका विरुद्ध कुनै कुराको दाबी लिंदा तत्सम्बन्धमा रहेको संलग्नता प्रत्यर्थी बनाउनु पर्नाको आधार र कारण निवेदनमा स्पष्टसँग उल्लेख गरिएको हु-

(7)

पर्दछ। रिट निवेदनमा निवेदकले दाबी लिनु भएको उद्योगको उद्देश्य थप गर्ने विषयमा यस कार्यालयको संलग्नता एवं प्रत्यर्थी बनाउनु पर्नाको आधार र कारण खुलाउन सकेको देखिँदैन।

३. नेपालको संविधानको धारा ३० ले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति दिएको छ। उक्त धाराले वातावरण प्रदूषणबाट पीडित व्यक्तिले पीडकबाट उचित क्षतिपूर्ति पाउने सिद्धान्त (Polluter Pays Principle) लाई आत्मसात् गरेको छ। स्वच्छ तथा स्वस्थ्य वातावरण कायम गर्ने उद्देश्यले वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ समेत जारी भई कार्यान्वयनमा रहेका छन्। त्यसैगरी, नदीजन्य पदार्थको व्यवस्थापनको लागि नदीजन्य पदार्थ (सङ्कलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ जारी भई वातावरणमैत्री ढङ्गले नदीजन्य पदार्थको उत्खनन र व्यवस्थापन हुँदै आएको छ। साथै, नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७०।०३।२७, २०७०।०५।१७, २०७१।०४।११ र २०७२।१०।२० मा भएका निर्णयबाट रोडा, ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन तथा सङ्कलन एवम् व्यवस्थापन सम्बन्धमा विभिन्न मापदण्ड लागू गरी सोही मापदण्डका आधारमा क्रसर उद्योगहरूको दूरी निर्धारण भई निर्धारित दूरी पूरा गरेका क्रसर उद्योगहरू स्थापना हुँदै आएका छन्। नेपाल सरकारबाट विभिन्न मितिमा जारी भएका मापदण्ड सम्बन्धी व्यवस्थालाई एकीकरण गर्दै विकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग गर्न एवम् गाउँपालिका वा नगरपालिकालाई ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्ने अधिकारको उपयोग गर्ने प्रक्रिया निर्धारण गर्ने उद्देश्यले नेपाल सरकारले मिति २०७७।०४।०५ मा ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (यसपछि "मापदण्ड" भनिएको) जारी गरेको हो। उक्त मापदण्डमा नदीजन्य तथा खानीजन्य पदार्थको सङ्कलन, उत्खनन र बिक्रीका लागि कार्यविधि एवम् तरिकाहरू र त्यस्तो कार्यको लागि अनुगमनको व्यवस्थासमेत उल्लेख गरिएको छ। नेपाल सरकारबाट जारी भएको मापदण्डमा उल्लिखित क्रसर उद्योग सम्बन्धी मापदण्डलाई निवेदक लगायत सबै व्यक्तिले पालना गर्नुपर्ने हुँदा मापदण्डमा भएका व्यवस्थालाई निवेदकले अन्यथा लिन मिल्ने देखिँदैन।

४. निवेदकले आफूले सञ्चालन गरेको क्रसर उद्योगमा बालुवा प्रशोधन गर्ने गरी उद्देश्य थपको लागि निवेदन दिएकोमा उद्योग विभागबाट मापदण्ड देखाई उद्देश्य थप नगरिएको भनी जिकिर लिएको देखिन्छ। मापदण्डको दफा ११ को उपदफा (१) मा क्रसर उद्योगको मापदण्ड उल्लेख भएको छ भने उपदफा (९) मा उपदफा (१) मा उल्लिखित मापदण्ड पूरा नहुने गरी सञ्चालनमा रहेका क्रसर उद्योगलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्नेछ र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता खारेजीको लागि सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ भन्ने उल्लेख भएको छ। निवेदकले 'यस पूर्व नै क्रसर उद्योग स्थापना गरेको देखिएको र उक्त क्रसर उद्योग हाल जारी भएको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा निवेदकले खुलाउनु भएको छैन। साथै, निवेदकले उद्योग नजिकै हुलाकी राजमार्ग अन्तर्गतको मानमत-कलैया-मटिअर्वा फिडर सडक रहेको र उक्त सडकलाई नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६।०२।०६ गते राष्ट्रिय राजमार्गमा समावेश गरिएको भनी निवेदनमा उल्लेख गरेको देखिन्छ। मापदण्डको दफा ११ को उपदफा (१) को क्रमसङ्ख्या १ मा क्रसर उद्योग सञ्चालनको लागि राजमार्गको राइट अफ वेबाट पाँच सय मिटरको दूरी पूरा हुनुपर्ने व्यवस्था रहेकोले निवेदक उद्योगले समेत उक्त दूरीको मापदण्ड पूरा गरी उद्योग स्थापना तथा सञ्चालन गर्नुपर्ने हुन्छ। जारी मापदण्ड अनुसार स्थापना तथा सञ्चालन हुन नसक्ने उद्योगलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्ने र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता खारेज गर्नुपर्ने हुन्छ। निवेदक उद्योगले नेपाल सरकारबाट जारी मापदण्ड पूरा गर्न नसकेको अवस्थामा साविकको उद्देश्यमा थप गर्न सकिने अवस्था रहँदैन। यसरी स्वीकृत मापदण्डको व्यवस्था अनुसार नै उद्योग विभागले निवेदकलाई उद्देश्य

CamScanner

(7)

पर्दछ। रिट निवेदनमा निवेदकले दाबी लिनु भएको उद्योगको उद्देश्य थप गर्ने विषयमा यस कार्यालयको संलग्नता एवं प्रत्यर्थी बनाउनु पर्नाको आधार र कारण खुलाउन सकेको देखिँदैन।

३. नेपालको संविधानको धारा ३० ले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति दिएको छ। उक्त धाराले वातावरण प्रदूषणबाट पीडित व्यक्तिले पीडकबाट उचित क्षतिपूर्ति पाउने सिद्धान्त (Polluter Pays Principle) लाई आत्मसात् गरेको छ। स्वच्छ तथा स्वस्थ्य वातावरण कायम गर्ने उद्देश्यले वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ समेत जारी भई कार्यान्वयनमा रहेका छन्। त्यसैगरी, नदीजन्य पदार्थको व्यवस्थापनको लागि नदीजन्य पदार्थ (सङ्कलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ जारी भई वातावरणमैत्री ढङ्गले नदीजन्य पदार्थको उत्खनन र व्यवस्थापन हुँदै आएको छ। साथै, नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७०।०३।२७, २०७०।०५।१७, २०७१।०४।११ र २०७२।१०।२० मा भएका निर्णयबाट रोडा, ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन तथा सङ्कलन एवम् व्यवस्थापन सम्बन्धमा विभिन्न मापदण्ड लागू गरी सोही मापदण्डका आधारमा क्रसर उद्योगहरूको दूरी निर्धारण भई निर्धारित दूरी पूरा गरेका क्रसर उद्योगहरू स्थापना हुँदै आएका छन्। नेपाल सरकारबाट विभिन्न मितिमा जारी भएका मापदण्ड सम्बन्धी व्यवस्थालाई एकीकरण गर्दै विकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग गर्न एवम् गाउँपालिका वा नगरपालिकालाई ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्ने अधिकारको उपयोग गर्ने प्रक्रिया निर्धारण गर्ने उद्देश्यले नेपाल सरकारले मिति २०७७।०४।०५ मा ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (यसपछि "मापदण्ड" भनिएको) जारी गरेको हो। उक्त मापदण्डमा नदीजन्य तथा खानीजन्य पदार्थको सङ्कलन, उत्खनन र बिक्रीका लागि कार्यविधि एवम् तरिकाहरू र त्यस्तो कार्यको लागि अनुगमनको व्यवस्थासमेत उल्लेख गरिएको छ। नेपाल सरकारबाट जारी भएको मापदण्डमा उल्लिखित क्रसर उद्योग सम्बन्धी मापदण्डलाई निवेदक लगायत सबै व्यक्तिले पालना गर्नुपर्ने हुँदा मापदण्डमा भएका व्यवस्थालाई निवेदकले अन्यथा लिन मिल्ने देखिँदैन।

४. निवेदकले आफूले सञ्चालन गरेको क्रसर उद्योगमा बालुवा प्रशोधन गर्ने गरी उद्देश्य थपको लागि निवेदन दिएकोमा उद्योग विभागबाट मापदण्ड देखाई उद्देश्य थप नगरिएको भनी जिकिर लिएको देखिन्छ। मापदण्डको दफा ११ को उपदफा (१) मा क्रसर उद्योगको मापदण्ड उल्लेख भएको छ भने उपदफा (९) मा उपदफा (१) मा उल्लिखित मापदण्ड पूरा नहुने गरी सञ्चालनमा रहेका क्रसर उद्योगलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्नेछ र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता खारेजीको लागि सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ भन्ने उल्लेख भएको छ। निवेदकले यस पूर्व नै क्रसर उद्योग स्थापना गरेको देखिएको र उक्त क्रसर उद्योग हाल जारी भएको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा निवेदकले खुलाउनु भएको छैन। साथै, निवेदकले उद्योग नजिकै हुलाकी राजमार्ग अन्तर्गतको मानमत-कलैया-मटिअर्वा फिडर सडक रहेको र उक्त सडकलाई नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६।०२।०६ गते राष्ट्रिय राजमार्गमा समावेश गरिएको भनी निवेदनमा उल्लेख गरेको देखिन्छ। मापदण्डको दफा ११ को उपदफा (१) को क्रमसङ्ख्या १ मा क्रसर उद्योग सञ्चालनको लागि राजमार्गको राइट अफ वेबाट पाँच सय मिटरको दूरी पूरा हुनुपर्ने व्यवस्था रहेकोले निवेदक उद्योगले समेत उक्त दूरीको मापदण्ड पूरा गरी उद्योग स्थापना तथा सञ्चालन गर्नुपर्ने हुन्छ। जारी मापदण्ड अनुसार स्थापना तथा सञ्चालन हुन नसक्ने उद्योगलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्ने र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता खारेज गर्नुपर्ने हुन्छ। निवेदक उद्योगले नेपाल सरकारबाट जारी मापदण्ड पूरा गर्न नसकेको अवस्थामा साविकको उद्देश्यमा थप गर्न सकिने अवस्था रहँदैन। यसरी स्वीकृत मापदण्डको व्यवस्था अनुसार नै उद्योग विभागले निवेदकलाई उद्देश्य

५. निवेदकले मापदण्ड कानूनी अख्तियारी विना बनेको भनी जिकिर लिएको देखिन्छ। नेपालको संविधानले नागरिकला स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गरेको र वातावरण प्रदूषणको कारण कसैलाई हा नोक्सानी भएमा सो वापत पीडितले क्षतिपूर्ति पाउने गरी Polluter Pays Principle लाई आत्मसात गरेको छ। नेपा सरकारसमेत जनताको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको संरक्षणको लागि सधैं सचेत रहेको छ। व क्षेत्रको अधिक दोहन लगायतका विषयमा नारायण प्रसाद देवकोटाले नेपाल सरकारलाई विपक्षी बनाई दाय गर्नुभएको निवेदनको सम्बन्धमा मिति २०६७।०४।२१ मा सम्मानित अदालतबाट भएको निर्देशनात्मक आदेशला कार्यान्वयन गर्ने क्रममा गठन भएको समितिले दिएको प्रतिवेदन र सो प्रतिवेदनको कार्यान्वयनको लागि नेपाल सरकारका विभिन्न निकायका सातजना सचिव रहेको समितिबाट प्राप्त प्रतिवेदनको आधारमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७०।३।२७ को निर्णयबाट प्रत्येक जिल्लाले आफ्नो जिल्लाभित्र रहेका प्राकृतिक स्रोत साधनको आंकलन गरी कुन क्षेत्रबाट कति हदसम्म सङ्कलन, दोहन र उत्खनन गर्न सकिन्छ, सो विवरण सार्वजनिक रूपमा प्रकाशन गरी त्यसैको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरेपछि मा ठेक्का बन्दोबस्त लगाउने व्यवस्था मिलाउने, चुरे क्षेत्र, निकुञ्ज र आरक्षको मध्यवर्ती क्षेत्रबाट ढुङ्गा, गिटी, बालुव विदेश निकासी गर्न नदिने र दर्ता नगरी सञ्चालनमा रहेका क्रसर उद्योग तत्काल बन्द गर्ने, दर्ता भएका तर मापदण्ड पूरा नभएका क्रसर उद्योगहरू स्थानान्तरण गर्ने; क्रसर उद्योगको लागि खोला किनारालगायतका स्थानबाट हुनुपर्ने दूरीको मापदण्ड तोकिएको हो। यसरी रोडा, ढुङ्गा, गिट्टीको सङ्कलन, उत्खनन र बिक्री वितरण तथा क्रसर उद्योग सञ्चालन सम्बन्धमा नेपाल सरकारबाट विभिन्न मितिमा निर्णय भई सोही निर्णयको आधारमा रोडा, ढुङ्गा, गिट्टीको सङ्कलन र क्रसर उद्योगहरूको सञ्चालनको सम्बन्धमा नियमन हुँदै आएकोमा संविधानबमोजिम देश संघीय संरचनाम रूपान्तरण भई तीन तहको सरकारमा परिणत भएको र स्थानीय तहलाई आफ्नो क्षेत्रभित्रको ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको सङ्कलन, उत्खनन र बिक्री वितरण गर्ने प्रक्रियालाई व्यावहारिक बनाउन तथा क्रसर उद्योगहरूको सञ्चालन सम्बन्धी मापदण्डमा समेत एकरूपता ल्याउनको लागि मिति २०७७।०४।०५ मा नेपाल सरकारबाट मापदण्ड जारी भएको छ। उपर्युक्त मापदण्डले नेपाल सरकारबाट विगतमा ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको सङ्कलन, उत्खनन र बिक्री वितरण सम्बन्धमा विभिन्न मितिमा भएका निर्णय एवम् क्रसर उद्योगको दूरी सम्बन्धी मापदण्डलाई एकीकृत गर्नुका साथै नदीजन्य र खनिजजन्य पदार्थको उत्खननं र सङ्कलनको तरिकासमेत उल्लेख गरी त्यस्तो कार्यको नियमन सम्बन्धी व्यवस्था गरेको छ। मापदण्डमा कुनै सारवान विषय समावेश नभएको र सम्मानित सर्वोच्च अदालतको आदेश अनुसार वातावरण संरक्षणको लागि केही कार्यविधिगत व्यवस्था गरिएको छ। नेपाल सरकार देशको कार्यकारी निकाय भएकोले संविधान र प्रचलित कानून अनुसार नेपाल सरकारलाई कार्यकारी अधिकार प्रयोग गर्ने सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध गर्न सक्ने नै देखिन्छ। नेपाल सरकारले आफूलाई प्राप्त अधिकार अन्तर्गत रही नागरिकको स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने संवैधानिक हकको कार्यान्वयनको लागि जारी गरेको मापदण्ड संविधान र कानून विपरीत छैन।

६. अतः माथि उल्लिखित बुँदा प्रमाणको आधारमा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु।

७. मुद्दाको सुनुवाईको क्रममा उपस्थित हुनु हुने सरकारी वकीलको बहस जिकिर समेतलाई यस लिखित जवाफको अभिन्न अङ्ग मानी पाऊँ।

लिखित जवाफ प्रस्तुतकर्ता

(सुरेश आचार्य)

सचिव

इति सम्वत् २०७९ साल श्रावण महिना १६ गते रोज २ शुभम्।

CamScanner

५. निवेदकले मापदण्ड कानूनी अख्तियारी विना बनेको भनी जिकिर लिएको देखिन्छ। नेपालको संविधानले नागरिकला स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गरेको र वातावरण प्रदूषणको कारण कसैलाई हा नोक्सानी भएमा सो वापत पीडितले क्षतिपूर्ति पाउने गरी Polluter Pays Principle लाई आत्मसात गरेको छ। नेपा सरकारसमेत जनताको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको संरक्षणको लागि सधैं सचेत रहेको छ। च क्षेत्रको अधिक दोहन लगायतका विषयमा नारायण प्रसाद देवकोटाले नेपाल सरकारलाई विपक्षी बनाई दाय गर्नुभएको निवेदनको सम्बन्धमा मिति २०६७।०४।२१ मा सम्मानित अदालतबाट भएको निर्देशनात्मक आदेशला कार्यान्वयन गर्ने क्रममा गठन भएको समितिले दिएको प्रतिवेदन र सो प्रतिवेदनको कार्यान्वयनको लागि नेपा सरकारका विभिन्न निकायका सातजना सचिव रहेको समितिबाट प्राप्त प्रतिवेदनको आधारमा नेपाल सरका मन्त्रिपरिषद्को मिति २०७०।३।२७ को निर्णयबाट प्रत्येक जिल्लाले आफ्नो जिल्लाभित्र रहेका प्राकृतिक स्रोत साधनको आंकलन गरी कुन क्षेत्रबाट कति हदसम्म सङ्कलन, दोहन र उत्खनन गर्न सकिन्छ, सो विवरण सार्वजनिक रूपमा प्रकाशन गरी त्यसैको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरेपछि मा ठेक्का बन्दोबस्त लगाउने व्यवस्था मिलाउने, चुरे क्षेत्र, निकुञ्ज र आरक्षको मध्यवर्ती क्षेत्रबाट ढुङ्गा, गिटी, बालुव विदेश निकासी गर्न नदिने र दर्ता नगरी सञ्चालनमा रहेका क्रसर उद्योग तत्काल बन्द गर्ने, दर्ता भएका तर मापदण्ड पूरा नभएका क्रसर उद्योगहरू स्थानान्तरण गर्ने; क्रसर उद्योगको लागि खोला किनारालगायतका स्थानबाट हुनुपर्ने दूरीको मापदण्ड तोकिएको हो। यसरी रोडा, ढुङ्गा, गिट्टीको सङ्कलन, उत्खनन र बिक्री वितरण तथा क्रसर उद्योग सञ्चालन सम्बन्धमा नेपाल सरकारबाट विभिन्न मितिमा निर्णय भई सोही निर्णयको आधारमा रोडा, ढुङ्गा, गिट्टीको सङ्कलन र क्रसर उद्योगहरूको सञ्चालनको सम्बन्धमा नियमन हुँदै आएकोमा संविधानबमोजिम देश संघीय संरचनाम रूपान्तरण भई तीन तहको सरकारमा परिणत भएको र स्थानीय तहलाई आफ्नो क्षेत्रभित्रको ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको सङ्कलन, उत्खनन र बिक्री वितरण गर्ने प्रक्रियालाई व्यावहारिक बनाउन तथा क्रसर उद्योगहरूको सञ्चालन सम्बन्धी मापदण्डमा समेत एकरूपता ल्याउनको लागि मिति २०७७।०४।०५ मा नेपाल सरकारबाट मापदण्ड जारी भएको छ। उपर्युक्त मापदण्डले नेपाल सरकारबाट विगतमा ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको सङ्कलन, उत्खनन र बिक्री वितरण सम्बन्धमा विभिन्न मितिमा भएका निर्णय एवम् क्रसर उद्योगको दूरी सम्बन्धी मापदण्डलाई एकीकृत गर्नुका साथै नदीजन्य र खनिजजन्य पदार्थको उत्खनन र सङ्कलनको तरिकासमेत उल्लेख गरी त्यस्तो कार्यको नियमन सम्बन्धी व्यवस्था गरेको छ। मापदण्डमा कुनै सारवान विषय समावेश नभएको र सम्मानित सर्वोच्च अदालतको आदेश अनुसार वातावरण संरक्षणको लागि केही कार्यविधिगत व्यवस्था गरिएको छ। नेपाल सरकार देशको कार्यकारी निकाय भएकोले संविधान र प्रचलित कानून अनुसार नेपाल सरकारलाई कार्यकारी अधिकार प्रयोग गर्ने सम्बन्धमा आवश्यक कानूनी प्रवन्ध गर्न सक्ने नै देखिन्छ। नेपाल सरकारले आफूलाई प्राप्त अधिकार अन्तर्गत रही नागरिकको स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने संवैधानिक हकको कार्यान्वयनको लागि जारी गरेको मापदण्ड संविधान र कानून विपरीत छैन।

६. अतः माथि उल्लिखित बुँदा प्रमाणको आधारमा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु।

७. मुद्दाको सुनुवाईको क्रममा उपस्थित हुनु हुने सरकारी वकीलको बहस जिकिर समेतलाई यस लिखित जवाफको अभिन्न अङ्ग मानी पाऊँ।

लिखित जवाफ प्रस्तुतकर्ता

(सुरेश आचार्य)
सचिव

इति सम्वत् २०७९ साल श्रावण महिना १६ गते रोज २ शुभम्।

CamScanner

(२)

सर्वोच्च अदालतमा पेश गरेको

लिखित जवाफ

मार्फतः महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

विषय : रिट नं. ०७८-WO-१६०३ को रिट निवेदन खारेज गरी पाऊँ।

| | | |
|---|---|---|
| नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको तर्फबाट ऐ. मन्त्रालयको सचिव डा. तोय नारायण ज्ञवाली.................................१ | } | लिखित जवाफ प्रस्तुतकर्ता प्रत्यर्थी |

विरूद्ध

| | | |
|---|---|---|
| बारा जिल्ला साविक मनहर्वा गा.वि.स वडा नं ५, हाल कलैया उप महानगरपालिका वडा नं २४ स्थित मिनाक्षी एग्रिगेट इण्डष्ट्रिजका प्रोपाइटर हाल वीरगञ्ज महानगरपालिका वडा नं २ बस्ने वृज किशोर कलवार ................१ | } | विपक्षी/रिट निवेदक |

मुद्दा : उत्प्रेषण परमादेश।

विपक्षी रिट निवेदकले यस मन्त्रालय समेतलाई प्रत्यर्थी बनाई सम्मानित अदालतमा दायर गर्नु भएको रिट नं. ०७८-WO-१६०३ को रिट निवेदनमा "यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सो को आधार कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पेश गर्नु" भन्ने समेत आदेश भई सो आदेश सहितको सूचना यस

(3)

मन्त्रालयमा मिति २०७९।०४।१० मा प्राप्त भएकोमा मन्त्रालयको कार्य व्यस्तताको कारण शुरु म्याद गुज्रिन गई आजै छुट्टै निवेदनद्वारा म्याद थमाई यस मन्त्रालयसँग सम्बन्धित विषयमा देहाय बमोजिम लिखित जवाफ पेश गरेको छु:-

१. विपक्षी रिट निवेदकले निजको उद्योगको उद्देश्य थपको लागि प्रक्रिया अगाडि बढाएकोमा उद्योग दर्ता गर्ने निकाय उद्योग विभागले माग बमोजिम उद्देश्य थप गर्ने निर्णय नगरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ११ को उपदफा (१) मा उल्लिखत कसर उद्योग सम्बन्धी मापदण्ड पूरा नभएको र सोही दफाको उपदफा (९) मा उल्लिखित वातावरणीय अध्ययन गराउनु पर्ने सम्बन्धी व्यवस्था पूरा नभएको भन्ने आधारमा म निवेदकले माग गरे बमोजिम उद्देश्य थप नगर्ने निर्णय गरेबाट नेपालको संविधान प्रदत्त समानसताको हक, पेश व्यवसाय गर्न पाउने हक तथा औद्योगिक व्यवसाय ऐनद्वारा प्रदत्त कानूनी हकमा समेतमा आघात पर्न गएको हुँदा उक्त मापदण्डको उल्लिखित प्रावधान आफ्नो हकमा लागू हुन नसक्ने हुँदा कुनै कानूनी स्रोत समेत नखुलाई कुन निकायबाट कुन मितिमा जारी भएको भन्ने स्पष्ट नभएको सो मापदण्ड पूरै वा मापदण्डको दफा ११ र उद्योग विभागबाट मेरा विरुद्ध भए गरेका सबै निर्णय उत्प्रेषणको आदेशले बदर गरी म निवेदकको माग बमोजिम आफ्नो उद्योगको नियमानुसार उद्देश्य थप गर्न विपक्षीहरुको नाममा परमादेशको आदेश समेत गरी पाउँ भन्ने रिट निवेदकको मुख्य दावी देखिन्छ ।

२. विपक्षीको रिट निवेदन देहायको आधार र कारणबाट खारेजभागी छ, खारेज गरी पाउँ :-

(क) विपक्षी रिट निवेदकले मूलतः उद्योग विभागबाट निजको उद्योगको उद्देश्य थप गर्ने निवेदनमा आफ्नो हकमा लागू नहुने मापदण्ड प्रयोग गरी उद्देश्य थप नगरेको विषय उठाउनु भएको देखिन्छ ।उद्योगको उद्देश्य थप सम्बन्धी विषयमा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १२ तथा औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ९ ले स्पष्ट रुपमा सारवान तथा कार्यविधिगत व्यवस्था गरेको छ ।उद्देश्य थप समेत गर्न चाहनेले दर्ता गर्ने निकाय समक्ष ऐनको दफा १२ को उपदफा (१) बमोजिम तथा नियमावलीको नियम ९ को उपनियम (१) मा उल्लिखित विवरण तथा कागजात सहित दर्ता गर्ने निकायसमक्ष निवेदन दिनु पर्ने, दर्ता गर्ने निकायले नियमावलीको नियम ९ को उपनियम (२), (३), (४) र (५) को प्रक्रिया पूरा गरी ऐनको दफा १२ को उपदफा (२) बमोजिम सो उपदफामा उल्लिखित अवधिभित्र स्वीकृति दिन सक्ने व्यवस्था रहेको छ । सो स्वीकृति दिने निर्णय गर्दा दफा १२ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखत व्यवस्थाले वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने अवस्थामा सोको प्रतिवेदन स्वीकृत गराउनु पर्ने भनी बाध्यकारी व्यवस्था गरेको छ ।

(ख) विपक्षी रिट निवेदकको उद्योग औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१ मा समावेश भएको र उक्त उद्योग दर्ता, क्षमता वृद्धि, उद्देश्य थप लगायत सबै कार्यमा औद्योगिक प्रवर्द्धन बोर्डको अनुमति लिनु पर्ने व्यवस्था रहेको छ । अनुमति लिनु पर्ने प्रकृतिका उद्योगको सम्बन्धमा नेपाल सरकार आफैले तथा औद्योगिक प्रवर्द्धन बोर्डको सिफारिसमा नियमन तथा व्यवस्थापन गर्न नीतिगत व्यवस्था गर्न सक्छ र त्यस्तो नीतिगत व्यवस्था अनुमति लिनु पर्ने सबै उद्योगले पालना गर्नु पर्छ र मान्नु पर्छ । प्रस्तुत रिट निवेदनमा विपक्षी रिट निवेदकले नेपाल सरकारबाट नीतिगत रुपमा स्वीकृत भएको मापदंड निजको हकमा लागू हुदैन भन्ने दावी लिएको देखियो । राज्यका अधिकारप्राप्त निकाय र कुनै पनि विषयलाई नियमन गर्ने निकायबाट प्रचलित प्रक्रिया पूरा गरी स्वीकृत नीति तथा कानून कुनै एक व्यक्ति विशेष वा संस्था विशेषको हकमा लागू नहुने भन्ने होइन । समय समयमा राज्यले नियमन गर्न नीतिगत व्यवस्था गरी नै रहन्छ । तसर्थ नेपाल सरकावाट स्वीकृत भएको मापदण्ड कानूनी श्रोतबाट जारी भएको भए पनि वा नीतिगत रुपमा जारी भए पनि सरोकारवाला सबैले पालना गर्नु पर्छ।

(ग) विपक्षी रिट निवेदकले मापदण्डमा उल्लिखित दूरी तथा वातावरणीय परीक्षण सम्वन्धी मापदण्ड निजको उद्योगको हक प्रतिकूल भयो, सोही आधारमा दर्ता गर्ने निकायले उद्देश्य थप गरी दिएन र मापदण्डको कानूनी स्रोत नै नभएको भनी दावी लिएको देखिन्छ । औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६८ को उपदफा (१) को खण्ड (क) ले उद्योग दर्ता तथा नियमन सम्वन्धमा निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन नेपाल सरकारलाई अधिकार दिएको अवस्था छ । साथै सोही ऐनको अनसूची-१ मा औद्योगिक प्रवर्धन वोर्डको अनुमति लिनु पर्ने सूचीभित्र समावेश भएको "ढुङ्गा गिटी वालुवा उत्खनन तथा प्रशोधन सम्वन्धी उद्योग" को नियमन गर्न नीतिगत रुपमा व्यवस्था गर्ने निकाय औद्योगिक प्रवर्द्धन वोर्ड, उद्योग विभाग समेत यसै मन्त्रालय मातहत भएको, नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ ले समेत औद्योगिक नीति, कानून, मापदण्ड र नियमन सम्वन्धी जिम्मेवारी समेत यसै मन्त्रालयको जिम्मेवारी क्षेत्रभित्रको विषय हो। विपक्षी रिट निवेदकले उठाएको मापदण्ड नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएको भए तापनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मसौदा तयार गरी सोही मन्त्रालयको प्रस्तावमा नेपाल सरकारवाट स्वीकृत भएको र मापदण्डको प्रावधान खारेज माग गर्ने रिट निवेदकले प्रस्तुत रिट निवेदनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई प्रत्यर्थी नै नवनाई यस मन्त्रालयलाई बनाएको देखिंदा प्राकृतिक न्यायको सिद्धान्त विपरित सम्वन्धित निकायलाई सुनुवाईको मौका नै नदिई माग बमोजिमको आदेश हुने होइन, रिट निवेदन खारेज भागी छ खारेज गरी पाउँ।

(५)

३. अतः माथि बुंदा नम्बर २ का खण्डहरुमा उल्लिखित आधार र कारण बमोजिम रिट निवेदकले नेपाल सरकारबाट नीतिगत रुपमा स्वीकृत भएका मापदण्डका प्रावधान पालना गर्नु पर्ने, प्रचलित कानून औद्योगिक व्यवसाय ऐन तथा नियमावलीका व्यवस्था बमोजिम उद्देश्य थप सम्बन्धी प्रावधान र प्रक्रिया विपक्षी रिट निवेदकले पूरा गरेको अवस्थामा दर्ता गर्ने निकायबाट निजको माग बमोजिम निर्णय हुने तथा विपक्षीको उद्योगको दर्ता तथा नियमन गर्ने निकाय औद्योगिक प्रवर्धन बोर्डबाट अनुमति लिनु पर्ने प्रकृतिको उद्योग भएकाले कानूनले तोकेका शर्त र प्रावधान पूरा गर्नबाट उन्मुक्ति नपाउने र निजले खारेज माग गरेको मापदण्ड निर्माणमा महत्वपूर्ण सरोकार राखे निकायलाई नै प्रत्यर्थी नबनाएको हुँदा सुनुवाईको मौका नै नदिई मापदण्ड र सो मापदण्डका प्रावधान बदर हुन नसक्ने हुंद विपक्षी रिट निवेदकको निवेदन माग बमोजिमको आदेश हुने होइन, रिट निवेदन खारेज गरी पाउँ ।

४. प्रस्तुत रिट निवेदन इजलासमा पेश हुँदा बहस पैरवीको क्रममा उपस्थित हुनुहुने सरकारी वकीलको वहस जिकिर समेतलाई यस लिखित जवाफको अभिन्न अङ्ग मानी पाऊँ।

५. यसमा लेखिएको व्यहोरा ठीक साँचो हो, झुठ्ठा ठहरे कानूनवमोजिम सहुँला वुझाउँला।

लिखित जवाफ प्रस्तुतकर्ता

(डा. तोम नारायण ज्ञवाली)
सचिव

इति सम्वत् २०७९ साल साउन महिना २९ गते रोज १ शुभम्।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक बिभाग

# हुलाकी राजमार्ग निर्देशनालय

## योजना कार्यालय

बिरगंज, पर्सा

प.सं.:- ०७८।०७९

च.नं.:- ६१९

फोन नं.:- ०५१-५१६५०९

इमेल :- postalhighwaybirgunj@gmail.com

मिति :-२०७८/१२/०७

श्री मिनाश्री एग्रिगेट ईन्डष्ट्रिज,

छपकैया-२, पर्सा ।

**विषय :-प्रमाणित सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस योजना कार्यालय , विरगंजमा निवेदक श्री मिनाश्री एग्रिगेट ईन्डष्ट्रिज छपकैया - २ विरगंज पर्साले मिति :–२०७८/११/२३ गतेको दर्ता नं.५४३ दिइएको पत्रानुसार स्थलगत निरिक्षण गर्दा निजले स्थापना गरेको कलैया उप - महानगरपालिका वडा न :२४ श्रीपुर ,वारामा संचालित क्रसर कारखाना उद्योग मानमत – कलैया मटिअर्वा - राजमार्ग नजिक अवस्थित रहेको उक्त राजमार्गको कोड न. (NH35) रहेको र मन्त्रि परिषद्को मिति २०७६/०२/०६ गतेको निर्णय अनुसार मानमत -कलैया - मटिअर्वा सडक ( राष्ट्रिय राजमार्ग) मा समावेश गरिएको साथै सो क्रसर उद्योग राजमार्गको राईट अफ वे वाट ५००( पाच सय ) मिटर भन्दा कम ६३.०० (त्रिसठी) मिटरमा अवस्थित रहेको व्यहोरा जानकारी गराईन्छ ।

१२१६

.....................

(ई.दारोगा प्रसाद)

योजना प्रमुख

योजना प्रमुख

नेपाल सरकार
# गृह मन्त्रालय
(स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा)

☎ ०१-४२००००३
०१-४२११२६६
०१-४२११२१६
ईमेल- localadmin@moha.gov.np
सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्या:- ०७९/०८०
चलानी नं.:- ३९२

मिति:- २०७९/०९/२०

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

विषय:- **अवैधानिक क्रसर उद्योग बन्द गर्ने सम्बन्धमा।**

उपर्युक्त विषयमा प्रचलित कानून विपरित ढुङ्गा, गिट्टी, रोडा तथा वालुवा उत्खनन तथा दोहन कार्यलाई नियमन गर्न यस मन्त्रालयमा जनगुनासो तथा उजुरी प्राप्त हुने गरेको छ। साथै, विकास निर्माण आयोजनामा पूर्व स्वीकृत मापदण्ड र तोकिएको परिमाणभन्दा बढी ढुङ्गा, गिट्टी, रोडा तथा वालुवा उत्खनन एवं दोहन हुने गरेको र आयोजना सम्पन्न भएपश्चात् समेत निरन्तर दोहन भइरहेको भन्ने जानकारी हुन आएको हुँदा वातावरण संरक्षण ऐन, २०७६ को पालना र यस सम्वन्धमा अदालतबाट भएको आदेश कार्यान्वयन गर्न आवश्यक देखिएकोले यो परिपत्र जारी गरिएको व्यहोरा मिति २०७९/०९/२० को निर्णय (सचिव स्तर) अनुसार अनुरोध छ।

(१) कानून विपरित दर्ता नगरी तथा नवीकरण लगायत संचालन अनुमति नलिई संचालनमा रहेका ढुङ्गा, गिट्टी, रोडा तथा वालुवा उत्खनन, प्रशोधन कार्यमा संलग्न क्रशर उद्योगहरूलाई तत्काल वन्द गर्ने।

(२) विभिन्न आयोजना विकास तथा निर्माणको क्रममा सोही आयोजनाको लागि आवश्यक परिमाणमा ढुङ्गा, गिट्टी, रोडा तथा वालुवा उत्खननको अनुमति प्राप्त उद्योग/निर्माण व्यावसायीले आयोजना समाप्त भएपश्चात् पनि त्यस्तो उत्खनन कार्य गरिरहेको भए सोसमेत छानविन गरी तत्काल वन्द गर्ने।

(संजय अधिकारी)
शाखा अधिकृत

**सादर अवगतार्थ:**
माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्रिज्यूको निजी सचिवालय,
गृह मन्त्रालय, सिंहदरवार।

CamScanner

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग

# हुलाकी राजमार्ग निर्देशनालय

**योजना कार्यालय**
बिरगंज, पर्सा

फोन नं.:- ०५१-५१७६०९
इमेल :- postalhighwaybirgunj@gmail.com

प.सं.:- ०७८।०७९
च.नं.:- ६१९

मिति :-२०७८/१२/०७

श्री मिनाश्री एग्रिगेट ईन्डष्ट्रिज,
छपकैया-२, पर्सा ।

**विषय :-प्रमाणित सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस योजना कार्यालय , विरगंजमा निवेदक श्री मिनाश्री एग्रिगेट ईन्डष्ट्रिज छपकैया - २ विरगंज पर्साले मिति :–२०७८/११/२३ गतेको दर्ता नं.५४३ दिइएको पत्रानुसार स्थलगत निरिक्षण गर्दा निजले स्थापना गरेको कलैया उप - महानगरपालिका वडा न :२४ श्रीपुर ,वारामा संचालित क्रसर कारखाना उद्योग मानमत – कलैया मटिअर्वा - राजमार्ग नजिक अवस्थित रहेको उक्त राजमार्गको कोड न. (NH35) रहेको र मन्त्रि परिषद्को मिति २०७६/०२/०६ गतेको निर्णय अनुसार मानमत -कलैया - मटिअर्वा सडक ( राष्ट्रिय राजमार्ग) मा समावेश गरिएको साथै सो क्रसर उद्योग राजमार्गको राईट अफ वे वाट ५००( पाच सय ) मिटर भन्दा कम ६३.०० (त्रिसठी) मिटरमा अवस्थित रहेको व्यहोरा जानकारी गराईन्छ ।

.......................
(ई.दारोगा प्रसाद)
योजना प्रमुख

योजना प्रमुख